# कटारी नगरपालिका
# Katari Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipality Executive
कटारी, उदयपुर
Katari, Udayapur
स्था.२०७१
पशु सेवा शाखा

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

Phone No: 035-450039, 035-450296
Email:info@katarimun.gov.np
website: www.katarimun.gov.np


पत्र संख्या(Ref.No) :- २०७९/०८०

चलानी नं.(Dispatch No.) :-

मिति (Date) :- २०७९/१/१२

## गाईभैसीमा लाग्ने लम्पी स्किन डिजिज सम्बन्धित जानकारीमुलक सुचना ||

उपरोक्त सम्बन्धमा यस कटारी नगरपालिकाको विभिन्न वडाहरुमा गाई भैसीहरुमा भाइरसबाट लाग्ने लम्पी स्किन डिजिज (Lumpy skin disease) सँग मिल्दो जुल्दो संकास्पद लक्षण देखा परेको हुँदा यस रोगबाट आफ्नो पशुहरुलाई सुरक्षित राख्नका लागि सावधानी अपनाउनु हुन सबै पशुपालक कृषक तथा सरोकारवालाहरुमा अनुरोध गरिन्छ ।

<u>रोगका लक्षणहरु :</u>

१. गाईभैसीमा ज्वरो सहित शरीरका विभिन्न तहहरुमा गिर्खा तथा गाँठागुठी देखिने र गाँठागुठीहरुबाट पानी बग्ने र पाक्ने ।

२. पशु छटपटाउने र दुब्लाउँदै जाने ।

३. दुध उत्पादन करिव ८० % घट्ने ।

४. गर्भ तुहिने र मृत्यु पनि हुन सक्ने ।

५.शरीरका बिभिन्न भागहरुमा पैसा जस्तो दागहरु देखा पर्ने ।

६.आखाबाट कचेरा निकाल्ने सिगान बग्ने तथा फिज धेरै निकाल्ने र पशुको वजन घट्दै जाने ।

७. लिम्फनोडहरु सुनिने

<u>रोग सर्ने माध्यम :</u>

१.लामखुट्टे, भुसुना, झिँगा आदिको टोकाईबाट ।

२.संक्रमित गाईभैसीको ओसारपसार र लसपसबाट ।

<u>उपचार तथा रोकथामका उपायहरु</u>

- ठोस उपचार नभएकाले लक्षण अनुसार उपचार गर्ने ।
- सक्रमित क्षेत्रबाट गाईभैसी ओसारपसार नगर्ने ।
- लामखुट्टे, झिँगा तथा भूसुना आदिको नियन्त्रण गर्ने र गोठ वरपरको वातावरण सुख्खा र सफा राख्ने ।
- गोठ र मलखाद (भकारो )को दुरी कम्तिमा १० मिटर कायम गर्ने ।
- पशुहरुमा रोगको लक्षण देखिएमा रोगी पशुलाई बथानबाट अलगै राख्ने व्यवस्था मिलाउने ।
- अनावश्यक व्यक्तिहरु गोठमा आवतजावत बन्द गर्ने ।
- माथि उल्लेखित लक्षणसँग मिल्दोजुल्दो रोग देखिएमा कटारी नगरपालिका पशु सेवा शाखामा जानकारी गराउनु हुन सम्पूर्ण किसानहरुमा अनुरोध छ ।

सम्पर्कका लागि : ९८६७५०४११७, ९८४९५२९९८८, ९८४२९८९१४९, ९८६२८६३३९८, ९८४४४३३६२०,९८०७८९८९८३

अनिल किराती
प्रमुख प्रशासकीय अधिकृत

“सुन्दर कटारी नगरको पहिचान: सुशासन र समृद्धि हाम्रो अभियान”